# प्रेस विज्ञप्ति

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
२०७४

नेपाल सरकार मन्त्रीपरिषदबाट पुनर्गठित मन्त्रीपरिषदमा ऊर्जा, जलश्रोत सिचाई मन्त्री मा. श्री शक्ति बहादुर बस्नेतज्युले मिति २०८० फाल्गुन २३ गते अपरान्ह ८.३० बजे पदभार ग्रहण गर्नु भयो। पदभार ग्रहणको अवसरमा माननीय मन्त्रीज्युबाट दुई वटा बिषयमा दीर्घकालिन महत्वका निर्णय भएको छ। यस सम्बन्धमा राष्ट्रिय ऊर्जा नीति तर्जुमा गर्न ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयका सचिव श्री गोपाल प्रसाद सिग्देलज्युको संयोजकत्वमा श्री नविन राज सिंह, सहसचिव (उर्जा महाशाखा); श्री कलानिधि पौड्याल, सहसचिव (कानुन तथा फैसला कार्यन्वयन महाशाखा) र श्री कुलमान घिसिङ, कार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण सम्मिलित चार सदस्यीय समिति गठन गर्ने निर्णय भएको छ। यसैगरी राष्ट्रिय प्रशारण प्रणालीमा खुल्ला पहुँच र प्रशारण तथा वितरण दस्तुर (Wheeling Charge) निर्धारण गर्ने व्यवस्थाको लागि General Network Access Guideline तर्जुमा गरि तिन महिना भित्र पेश गर्न General Network Access Framework स्वीकृत भएको छ। माननीय मन्त्रिज्युबाट स्वीकृत उक्त General Network Access Framework को अधिनमा रही विद्युत नियमन आयोगले General Network Access Guideline तर्जुमा गर्नेछ।

2080/11/23

नविन राज सिंह
सहसचिव एवं प्रवक्ता